सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १४२ ♦ २०८२ साल माघ ११ आइतवार ♦ 25 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेसमा राष्ट्रिय सभा निर्वाचनको तयारी पूरा



**खबर दर्पण समाचारदाता**

**माघ १० गते, बर्दिवास**

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मधेश प्रदेशमा सबै तयारी पूरा भएको छ । आइतबार हुने राष्ट्रिय सभाका लागि मधेस प्रदेशमा रिक्त रहेका चार स्थानका लागि निर्वाचन हुँदै छ ।

मतदानको लागि जनकपुरधाम स्थित महेन्द्र नारायण निधि संस्कृति केन्द्रमा मतदान केन्द्र रहेको छ। प्रदेश सभा सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुखका लागि छुट्टाछुट्टै मतदान केन्द्रको व्यवस्था मिलाइएको छ । मतदानका लागि सुरक्षा व्यवस्था पनि चुस्त र दुरुस्त पारिएको छ ।

निर्वाचन अधिकृत सुभाषबाबु पुरीले निर्वाचनको लागि सबै तयारी पूरा भएको बताउनुभयो। उहाँले महिला, दलित, अपाङ्गता तथा अल्पसंख्यक समुदाय र अन्य समूह गरी चार सिटमा निर्वाचन हुन लागेको जानकारी दिनुभयो। यी चार सिटका लागि ११ जनाले उम्मेदवारी दर्ता गराएको उहाँले जनाउनुभयो । उम्मेदवारको मनोनयनपत्र दर्ता, दाबी विरोध, छानबिन, अन्तिम नामावली प्रकाशन तथा चुनाव चिन्ह वितरण लगायतका कार्य यसअघि नै समपन्न भइसकेको छ। बिहान ९ देखि दिउँसो ३ बजेसम्म हुने मतदानका लागि मतपत्रसमेत निर्वाचन अधिकृतको कार्यालयमा आइसकेको बताइएको छ ।

जसपा नेपालले आफ्ना तीन उम्मेदवारको उम्मेदवारी निस्क्रिय बनाए पनि मतपत्रमा उनीहरूको नाम भने रहने निर्वाचन अधिकृत पुरीले बताउनुभयो ।

नेपाली कम्युनिस्ट पार्टीले चार वटै समूहमा उम्मेदवारी दिएको छ । जसपा नेपालले तीन, नेपाली कांग्रेसले दुई, नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले एक-एक सिटमा उम्मेदवारी दिएका छन् ।

महिला समूहमा जसपा नेपालकी चन्द्रकला देवी शाह, नेकपा एमालेकी रेखाकुमारी झा र नेकपाकी समीकुमारी अग्रवाल उम्मेदवार हुनुहुन्छ । दलित समूहमा जसपा नेपालकी सम्मेली देवीदास, कांग्रेसका धर्मेन्द्र पासमान र नेकपाका शम्भु पासवान हजारी उम्मेदवार हुनुहुन्छ।

यस्तै अपाङ्गता तथा अल्पसंख्यक समुदाय समूहमा नेकपाका रामनन्दन प्रसाद, कांग्रेसका रञ्जित कर्ण र जसपा नेपालका शैलेश कुमार चौधरी उम्मेदवार हुनुहुन्छ। अन्य समूहमा लोसपाका महन्थ ठाकुर र नेकपाका लक्ष्मण पौडेल उम्मेदवार हुनुहुन्छ।


मधेस प्रदेशमा प्रदेश सभा सदस्य र २६४ स्थानीय तहका जनप्रतिनिधि गरी ३६४ मतदाता छन् ।

सय जना मतदाता रहेको प्रदेश सभा सदस्यका लागि मतदान केन्द्र 'क' र २ सय ६४ जना मतदाता रहेको स्थानीय तहका लागि मतदान केन्द्र 'ख' निर्धारण गरिएको छ ।

मधेश प्रदेशमा जनमत पार्टीले उम्मेदवार दिएको छैन । अहिलेसम्म कुनै पनि गठबन्धनमा सहभागी नभएको जनमत पार्टीले कसलाई मतदान गर्छ भन्ने विषय खुलेको छैन ।

## धनुषा-४ : ह्याट्रिकको खोजीमा रघुवीर, बदला लिने दाउमा महेन्द्र, नयाँ टेस्ट खोज्दै मतदाता







**खबर दर्पण समाचारदाता**

**माघ १० गते, बर्दिवास**

धनुषा क्षिरेश्वर नगरपालिका-६ दुर्गा टोलका मुकिम मन्सुरी ४१ वर्षको उमेरमा पहिलोपटक मताधिकार प्रयोग गर्ने अवस्थामा पुगेका छन्। जीवनको अधिकांश समय भारतमा मजदुरी गर्दै बिताएका उनी यसअघि कहिल्यै मतदान केन्द्रसम्म पुग्न पाएनन् । देश फर्किएको यही समय चुनाव जुरेको छ । तर, उनको अनुहारमा चुनावी उत्साह देखिँदैन ।

'भोट हाल्न मन नै छैन,' मन्सुरी भन्छन्, 'पुराना-नयाँ सबै नेता उस्तै लाग्छन् ।'

रोजगारीको खोजीमा विदेशिन बाध्य धनुषाका हजारौँ युवाको कथा उनी एक प्रतिनिधि पात्र मात्रै हुन् । आफ्नै गाउँ-ठाउँमा काम नपाएर उर्वर समय बाहिर बिताएका मन्सुरी अझै आशावादी छैनन् । 'जसले रोजगारीको एजेन्डा ल्याउँछ, उसलाई हेर्न सकिएला,' उनी भन्छन्, 'नयाँले केही गर्छ कि !'

### पुरानै अनुहार, पुरानै प्रतिस्पर्धा

धनुषा-४ विगतदेखि नै हेभिवेट नेताहरूको मैदान हो । यहाँ नेपाली कांग्रेसका पूर्वसहमहामन्त्री महेन्द्र यादव र नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठबीच प्रतिस्पर्धा दोहोरिँदै आएको छ । यसपालि पनि चुनावी दृश्य उस्तै देखिन्छ– महासेठ ह्याट्रिक जितको लक्ष्यमा छन् भने यादव अघिल्ला पराजयको बदला लिने दाउमा ।

मंगलबार मनोनयन दर्ताका दिन देखिएको तामझामले नै प्रतिस्पर्धाको तापक्रम मापन गरि सकेको थियो । पार्टीभित्रको शक्ति सन्तुलन र केन्द्रको राजनीति जेसुकै भए पनि धनुषा-४ मा यी दुई नेताको प्रभाव स्थानीय तहमा गहिरो छ ।


कांग्रेस नेता महेन्द्र यादवले टिकट पाउने-नपाउने अन्योल माघ ५ गते साँझसम्म कायमै थियो । विशेष महाधिवेशनलाई स्वीकार नगरेका उनी अन्ततः पार्टी सभापति गगन थापाको हस्ताक्षरमा उम्मेदवार बने । टिकट पक्का भएपछि कांग्रेस कार्यकर्ता उत्साहित देखिए । उता, महासेठ एमालेभित्र सर्वस्वीकार्य नेताका रूपमा चिनिन्छन् । आफ्ना नियमित मतदाता र कार्यकर्तालाई एकताबद्ध राख्न उनीलाई खासै कठिनाइ छैन ।

### आम मतदाताको मन बदलिँदै

तर, निर्णायक भूमिका खेल्ने आम मतदाताको मन भने फरक दिशामा डुलिरहेको छ । उनीहरूले पुराना नेताले अधुरा छाडेका कामको सूची मनमै तयार पारेका छन् ।

क्षिरेश्वर-६ की ३२ वर्षीया सम्झना लुईंटेल विकास र सुधारको एजेन्डा बोकेर आउने नेता

बाँकी पृष्ठ ३ मा



# नयाँ दलको चर्चा चुलिँदा पुरानोको प्रभाव कायमै

**खबर दर्पण समाचारदाता**
**माघ १० गते, बर्दिवास**



प्रतिनिधि सभा निर्वाचन २०८२ मा मधेश प्रदेशका आठ जिल्लाका ३२ निर्वाचन क्षेत्रमा १ हजार ५४ जनाले उम्मेदवारी दिएका छन् ।

सबैभन्दा बढी १ सय ५४ जनाले धनुषामा उम्मेदवारी दिँदा सप्तरीमा सबैभन्दा कम १ सय ४ जना उम्मेदवार मैदानमा छन् । टिकटका लागि दल फेर्नेदेखि निर्वाचन क्षेत्र फेर्नेसम्म अनि पूर्वमन्त्रीदेखि भावी प्रधानमन्त्रीका दावेदारसम्मको उम्मेदवारीले त्यहाँको चुनावी प्रतिस्पर्धा रोचक हुने देखिएको छ ।

मधेशका चर्चित नेता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव यसपटक सप्तरी-३ बाट उम्मेदवार बन्नुभएको छ । २०७९ को चुनावमा सप्तरी-२ बाट हार्नुभएका यादव उपनिर्वाचनमार्फत बारा-२ बाट निर्वाचित भई संसद् छिर्नुभएको थियो । यादवलाई पराजित गर्नुभएका जनमत पार्टीका अध्यक्ष डा. सीके राउत भने यसपटक पनि सप्तरी-२ बाटै प्रतिस्पर्धामा हुनुहुन्छ ।

रोचक त के छ भने राउतले नै मधेशमा मुख्यमन्त्री बनाएका सतिश सिंह जनमत छाडेर स्वाभिमान पार्टीबाट राउतसँगै प्रतिस्पर्धा गर्न सप्तरी-२ बाट उम्मेदवार बन्नुभएको छ ।

यसअघि सिरहा-२ बाट निर्वाचित जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादव आफ्नो पुरानै क्षेत्र सिरहा-४ मा फर्किनुभएको छ ।

युवा तथा खेलकुदमन्त्रीबाट राजीनामा दिएर बब्लु गुप्ता रास्वपाबाट सिरहा-१ मा उम्मेदवार बन्नुभएको छ । धनुषा-४ बाट एमाले उपमहासचिव रघुबीर महासेठ र धनुषा-३ बाट उहाँकी पत्नी जुलीकुमारी महतोको उम्मेदवारी परेको छ । धनुषा-३ बाटै नेपाली कांग्रेसका पूर्वउपसभापति बिमलेन्द्र निधि र रास्वपा प्रवक्ता मनिष झा पनि चुनावी प्रतिस्पर्धामा उत्रिँदा प्रतिस्पर्धा रोचक हुने देखिएको छ ।

नेकपा नेता मातृकाप्रसाद यादव धनुषा-१ बाट उम्मेदवारी दिनुभएको छ । २०७९ मा उहाँ यस क्षेत्रबाट जसपा नेपालका दीपक कार्कीसँग पराजित हुनुभएको थियो । जसपा नेता शरतसिंह भण्डरी महोत्तरी-२ र नेकपाका गिरिराजमणि पोखरेल क्षेत्र नम्बर १ बाट उम्मेदवार हुनुहुन्छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो र नेकपाबाट महेन्द्र राय यादव पुरानै क्षेत्र सर्लाही-२ बाट प्रतिस्पर्धामा हुनुहुन्छ । नेकपा नेता नारायणकाजी श्रेष्ठ सर्लाही-३ मा उम्मेदवार बन्नुभएको छ । सर्लाहीको सबैभन्दा चर्चित क्षेत्र नम्बर ४ हो । यहाँबाट नेपाली कांग्रेसले प्रधानमन्त्री प्रस्ताव गरेका पार्टी सभापति गगन थापा उम्मेदवार हुनुहुन्छ भने रास्वपाबाट पूर्वकांग्रेसी अमरेश सिंह उठ्नुभएको छ ।

रौतहट-१ मा नेकपाबाट पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, ३ मा आम जनता पार्टीका अध्यक्ष प्रभु साह, ४ मा आजपाबाट सञ्चारकर्मी ऋषि धमला उम्मेदवार बन्दा चर्चामा छ । कांग्रेसबाट यहाँ दुई पटक निर्वाचित देवप्रसाद तिमिल्सिना उम्मेदवार हुनुहुन्छ ।

बारा ३ बाट कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर उम्मेदवार बन्दा जसपाबाट पर्सा १ मा चुनाव जित्दै आएका प्रदीप यादव चुनावको मुखैमा पार्टी फेरेर एमालेबाट उम्मेदवार बन्नुभएको छ । पर्सा-२ मा कांग्रेसले पूर्वमन्त्री अजय चौरसिया नै दोहोऱ्याएको छ । यसरी राजनीतिमा स्थापित, चर्चित र नयाँ उम्मेदवारहरूको उपस्थितिले मधेशको चुनावलाई रोमाञ्चक बनाइदिएको छ ।

मधेशमा मनोनयनपछि निर्वाचनलाई लक्षित गर्दै चुनावी चहलपहल तीव्र बनेको छ । नयाँ र पुराना दुवै दलहरूले घरदैलो, सभा-सम्मेलन र रणनीतिक भेटघाटलाई गति दिएका छन् । सडकदेखि सामाजिक सञ्जालसम्म चुनावी बहस बढिरहेको छ । मुलुकका अन्य भेग झैं मधेशमा पनि नयाँ पुराना दल बहसको केन्द्रमा छन् ।


भ्रष्टाचार, कुशासन, गुटबन्दी र जनअपेक्षा पूरा गर्न नसकेकोजस्ता आरोप पुराना दलहरूमाथि छ । यही असन्तुष्टिलाई आधार बनाएर नयाँ राजनीतिक शक्ति उदाउने प्रयासमा छन् । तर, नयाँ दलहरूले केवल 'परिवर्तन' को नारा दिएर मात्र मतदाताको विश्वास जित्नसक्ने अवस्था छैन ।

मधेशमा राज्यप्रति अविश्वास र विगतका अधुरा वाचाले मतदातालाई सजग र सचेत बनाएको छ । अर्को, सामाजिक सञ्चालमा चर्चाभन्दा पनि संगठन, उम्मेदवारको सार्वजनिक छवि, व्यक्तिगत लगाव र यहाँका मुद्दाका आधारमा यहाँ मत खस्ने गर्छ ।

यसैगरी, मधेशका मतदाता गणतन्त्र र संघीयताप्रतिको र जनीतिक चेतनाका कारण पनि संवेदनशील रहने गर्छन् ।

संघीयता, स्वसाशन, समावेशिता, पहिचान र अधिकारका मुद्दामा स्पष्ट धारणा राख्ने तथा यसका लागि संघर्ष गर्ने दलहरूलाई मत दिने चलन रहँदै आएको छ । त्यसकारण पनि वैचारिकरूपले अस्पष्ट नयाँ दललाई मधेशमा भोट पाउन सजिलो नहुने यहाँका बासिन्दा बताउँछन् ।

तर, सामाजिक सञ्जालमा चर्चा भए जसरी नै नयाँ दल उदाउँछन् वा पुरानै दलको बर्चस्व कायम रहन्छ भन्ने कुरा भने चुनावी परिणामले बताउनेछ ।




## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषा-४ : ह्याट्रिकको ............

खोजिरहेकी छन् ।

‘गाउँमा विकास छैन, शिक्षामा सुधार छैन,’ उनी भन्छिन्, ‘यसपटक जसले टोल-टोलमा सुधारको एजेन्डा लिएर आउँछ, भोट उसैलाई जान्छ ।’

पुराना नेताले भाषण मात्रै गरेको अनुभूति भएपछि उनी नयाँ विकल्पतर्फ झुकिँदै छिन् । श्रीपुरका ६५ वर्षीय भुवनेश्वर महतोको प्राथमिकता अर्कै छ– नदी कटान र अवैध गिटी-बालुवा उत्खनन ।

‘दिनरात खोलामा कटान छ,’ उनी भन्छन्, ‘यो समस्या समाधान गर्ने जसले उपाय ल्याउँछ, भोट उसैलाई ।’

## काम गरे, तर पर्याप्त भएन ?

२०७४ र २०७९ दुवै चुनाव जितेका महासेठले क्षेत्रमा पक्की सडक विस्तार गरेका छन् । धेरैले त्यसलाई उनको ठोस उपलब्धि मान्छन् । तर, त्यसभन्दा बाहिर जनजीवनसँग प्रत्यक्ष जोडिने काम कम भएको गुनासो पनि सुनिन्छ ।

‘बाटो त बन्यो, तर अरू सुख-दु:खमा नेता साथमा देखिएनन्,’ एक एमाले कार्यकर्ता नै भन्छन् । ‘यसपालि धेरैले नयाँ खोजेका छन् ।’

ग्रामीण भेगमा नयाँ विकल्पतर्फ आकर्षण देखिन्छ । धेरै मतदाताको मुखमा पार्टीको नाम स्पष्ट नआए पनि ‘बालेन शाहको पार्टी’ भन्ने शब्द घन्किन्छ । र ास्वपालाई उनीहरूले त्यही रूपमा बुझिरहेका छन् ।

बटेश्वर-२ खोरियासीतापुरका सुचित सिंह पुराना नेताप्रति खुला असन्तुष्टि पोख्छन् ।

‘जिताएर पठाएका नेता एक दिन घर आएनन्,’ उनी भन्छन्, ‘अब चिन्ने न चिन्ने, काम गर्ने न गर्ने नेतालाई मत दिन्नँ । नयाँलाई अवसर दिनुपर्छ ।’

तथ्यांकले देखाएको कडा भिडन्त महासेठ र यादवबीचको प्रतिस्पर्धा कति कडा छ भन्ने कुरा अघिल्ला नतिजाले नै देखाउँछ ।

२०७९ मा महासेठले यादवलाई जम्मा १२४ मतले हराएका थिए । महासेठले ३२,२३६ मत ल्याउँदा यादवले ३२,११२ मत पाए ।

२०७४ मा पनि महासेठले २,५४१ मतको अन्तरले यादवलाई पराजित गरेका थिए ।

दुई पटक पराजित यादव यसपालि गठबन्धनबिनै मैदानमा छन् । उता, महासेठ ह्याट्रिक जितेर आफ्नो पकड अझ बलियो बनाउने लक्ष्यमा । तर, यसपटक नयाँ अनुहारहरू–रास्वपा, जनमत, जसपा र अन्य दलका उम्मेदवार–ले मत विभाजन गर्ने सम्भावना पनि उत्तिकै छ । यसपालि महासेठ र यादवको प्रतिस्पर्धामा नयाँ उम्मेदवारहरूले पनि टक्कर दिने देखिन्छ ।

यससँगै नयाँ अनुहारको रूपमा नेपाली कम्युनिस्ट पार्टीबाट सञ्जयकुमार महतो र राष्ट्रिय स्वतन्त्र पार्टीबाट राजकिशोर महतो छन् ।

यो क्षेत्रमा जनमत पार्टीबाट इन्द्रजीतकुमार यादव उम्मेदवार छन् ।

धनुषा-४ मा बटेश्वर गाउँपालिका र लक्ष्मीनिया गाउँपालिका, मिथिला नगर पालिकाको ४ नम्बर बाहेक सबै वडा, क्षिरेश्वरनाथ नगर पालिकाका ८ र ९ बाहेक सबै वडा, मिथिला विहारी नगर पालिकाका १,३,४ र ५ बाहेक अरू वडा तथा जनकपुरधाम उपमहानगरपालिकाका ९, १३, १४, १९, २१ र २२ वडा पर्छन् ।

## निर्णायक मोडमा धनुषा-४

बटेश्वर, लक्ष्मीनिया, क्षिरेश्वर नाथ, मिथिला, मिथिला बिहारी र जनकपुरधामका विभिन्न वडालाई समेट्ने धनुषा-४ अहिले परिवर्तनको बहसमा छ । पुराना अनुहारको दोहोरिएको प्रतिस्पर्धा र नयाँ शक्तिप्रतिको बढ्दो आकर्षणबीच मतदाताले के रोज्छन् ?

ह्याट्रिक कि बदला–यसको उत्तर धनुषा-४ का मतपेटिकाले दिनेछन् ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेश्रो पटक प्रकाशित मिति :२०८२।१०।११**

यस कम्पनीको विशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८१।०४।०८ मा समेत स्वीकृति प्राप्त भई साविक कम्पनी **एस.ए.जे. कन्स्ट्रक्सन एण्ड सप्लायर्स** (प्रा. लि.) **प्रा. ली.** न. २८७८८१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको **ओम लिङ्गम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.ली.** अंग्रेजिमा **Om Lingam Construction And Suppliers Pvt.Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

# महोत्तरीका सीमा क्षेत्रका मतदान केन्द्र तथा मतदान स्थलहरूको स्थलगत अनुगमन



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**माघ १० गते, महोत्तरी**

जिल्ला प्रशासन कार्यालय महोत्तरीले भारतसँग सीमा जोडिएका क्षेत्रका विभिन्न मतदान केन्द्र तथा मतदान स्थलहरूको स्थलगत अनुगमन तीव्र पारेको छ। आसन्न निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र व्यवस्थित रूपमा सम्पन्न गर ाउने उद्देश्यले सीमा क्षेत्रलाई विशेष प्राथमिकतामा राखिएको प्रशासनले जनाएको छ।

अनुगमन टोलीले मतदान केन्द्रहरूको भौतिक अवस्था, सुरक्षा प्रबन्ध, मतदाताको सहज पहुँच तथा आवश्यक पूर्व तयारीको अवस्थाबारे विस्तृत जानकारी लिएको थियो। सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सुरक्षाकर्मीको उपस्थिती तथा आवतजावतको अवस्थासमेत अवलोकन गरिएको जनाइएको छ।महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्र देव यादवले अनुगमनका क्रममा मतदाताहरूमा उल्लेखनीय उत्साह देखिएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो,मतदान केन्द्र वरपरका स्थानीय बासिन्दा निर्वाचनप्रति सकारात्मक र उत्साहित देखिनुभएको छ। शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गराउन आवश्यक सम्पूर्ण तयारी भइरहेको छ।

प्रशासनका अनुसार सीमा क्षेत्रका मतदान केन्द्रहरूको नियमित अनुगमनले निर्वाचनलाई थप व्यवस्थित, सुरक्षित र विश्वसनीय बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। निर्वाचन अवधिभर कुनै पनि अवाञ्छित गतिविधि हुन नदिन सुरक्षा निकायबीचको समन्वयलाई अझ सुदृढ बनाइएको जनाउँदै सीमा क्षेत्र भएकाले विशेष सतर्कता अपनाइएको बताइएको छ।





# संघीयता र अधिकारका मुद्दा प्रमुख बन्दै महोत्तरी-३ चुनावी प्रतिस्पर्धा चर्कियो

**खबर दर्पण समाचारदाता**
**माघ १० गते, बर्दिवास**






प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि महोत्तरीमा मनोनयन दर्ता प्रक्रिया सम्पन्न भएसँगै क्षेत्र नम्बर ३ सबैभन्दा बढी चर्चामा आएको छ। चार निर्वाचन क्षेत्रमध्ये सबैभन्दा धेरै ४२ जनाले उम्मेदवारी दर्ता गराएकाले यहाँको प्रतिस्पर्धा रोचक र जटिल बन्ने देखिएको छ।

अघिल्लो निर्वाचनमा यही क्षेत्रबाट तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर निर्वाचित भएका थिए। यसपटक भने उनकी छोरी मिनाक्षी झा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट उम्मेदवार बनेकी छन्। क्षेत्र नम्बर ३ मा राष्ट्रिय दल, नयाँ राजनीतिक शक्ति, क्षेत्रीय दल तथा स्वतन्त्र उम्मेदवारको बाक्लो उपस्थिति देखिन्छ।

नेपाली कांग्रेसबाट बजरंग नेपाली उम्मेदवार छन्। उनले शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा समान अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै अधिकारको नाममा मधेसी जनतालाई ठग्ने प्रवृत्तिको अन्त्य गर्ने बताएका छन्। आफूले लामो समयदेखि आम नागरिकका बिचमा काम गर्दै आएको उल्लेख गर्दै पार्टीले त्यसको मूल्याङ्कन गरी उम्मेदवार बनाएको उनको भनाइ छ।

नेकपा (एमाले)बाट मनोज सिंह उम्मेदवार बनेका छन्।

उनले जनताको समस्या पर्दा सधैं अगाडि रहने प्रतिबद्धता व्यक्त गरेका छन्। जलेश्वर नगरपालिका-९ का वडाध्यक्ष हुँदा सीमित बजेटमै उल्लेखनीय काम गरेको दाबी गर्दै जनताले पुनः विश्वास गर्ने अपेक्षा व्यक्त गरेका छन्।नेपाली कम्युनिस्ट पार्टीबाट राजकिशोर साह उम्मेदवार छन्। उनले झुटो आश्वासन दिएर राजनीति गर्ने प्रवृत्ति बन्द हुनुपर्ने बताए। गरिब, निमुखा, दलित, मुस्लिम तथा पहुँचविहीन समुदायका पक्षमा संसद्मा आवाज उठाउने उनको प्रतिबद्धता छ।

जसपा नेपालकी उम्मेदवार मिनाक्षी झाले मधेसी जनताको अधिकारलाई पूर्णता दिलाउने, शिक्षा, स्वास्थ्य, कृषि र रोजगारीमा समान पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित उम्मेदवारी दिएको बताएकी छन्। जितेपछि मधेसको हक-अधिकारका लागि संसद्मा मजबुत भूमिका खेल्ने उनको भनाइ छ।राष्ट्रिय स्वतन्त्र पार्टीबाट उज्ज्वल झा उम्मेदवार छन्। उनले संघीयताको नाममा जनतालाई धोका दिइएको आरोप लगाउँदै संघीयतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्।

जनमत पार्टीबाट अरबिन्द ठाकुर उम्मेदवार बनेका छन्। उनले मधेस प्रदेशमा पार्टीले जनताको विश्वास जितिसकेको दाबी गर्दै अब बाँकी रहेका अधिकार जनतासम्म पुऱ्याउने बताए। 'धेरै बोल्ने होइन, धेरै काम गर्ने पार्टीका रूपमा जनमतलाई स्थापित गर्ने लक्ष्य छ,' उनले भने।

नेपाल संघीय समाजवादी पार्टीबाट रिजवान अन्सारी उम्मेदवार छन्। उनले सत्ताको खेलले जनतालाई धेरै ठगिसकेको भन्दै अब जनता सचेत भइसकेको बताए। पार्टी सधैं जनताको बिचमै रहने प्रतिबद्धता उनले जनाएका छन्।यस क्षेत्रका केही दलभित्र असन्तुष्टि पनि देखिएको छ। एमालेबाट टिकट नपाएपछि रामआधार कापर र जसपा नेपालबाट टिकट नपाएपछि पूर्वमन्त्री हरिनारायण यादव स्वतन्त्र उम्मेदवार बनेका छन्। दुवैले जनताको विश्वासका आधारमा विजयी हुने दाबी गरेका छन्।

यसपटक महोत्तरी-३ मा मतदाताको प्राथमिकतामा परिवर्तन देखिएको छ। भाषणभन्दा काम र आश्वासनभन्दा परिणाम खोज्ने प्रवृत्ति बढ्दै गएको छ। विकास, रोजगारी, सिँचाइ, खानेपानी, शिक्षा र स्वास्थ्य मुख्य चुनावी मुद्दा बनेका छन्।

४२ उम्मेदवार रहेकाले मत विभाजनको सम्भावना उच्च देखिन्छ। सानो मतान्तरले पनि नतिजा फेरिन सक्ने अवस्थामा मनोनयनपछि प्रचारप्रसार तीव्र बनेको छ। उम्मेदवारहरू घर दैलो, आमसभा तथा सामाजिक सञ्जालमार्फत मतदातासम्म पुग्ने प्रयासमा जुटेका छन्।

अघिल्लो पटक महन्थ ठाकुर विजयी भएको यस क्षेत्रमा यसपटकको नतिजा कसको पक्षमा जाने हो भन्ने निर्णय मतदानपछि मात्रै स्पष्ट हुने देखिएको छ।


**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस!**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"
**गौशला नगरपालिका, महोत्तरी**



**कोरियन ब्युटी प्रोडक्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।**
**बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५**
**साथै होम डेलिभरीको सुविधा छ।**





खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,